नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/१०/०४ गते।

# प्रेस विज्ञप्ती- ५१

## "बैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

मिति २०७७/०८/१५ र २०७७/०९/०१ गते जिल्ला ओखलढुङ्गा, सिद्धिचरण न.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ६ बस्ने बर्ष ५७ का प्रतिवादी एक राज दाहालले नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, नक्साल शाखाबाट भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी दुई जना जाहेरवालाहरूलाई झुक्यानमा पारी दिएको तीन थान चेकको रकम भुक्तान हुन नसकेको बैंकिङ् कसूरका दुई थान मुद्दाहरूमा फैसला गर्दै सम्मानित उच्च अदालत पाटनले प्रतिवादी एक राज दाहाललाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा जम्मा ३५ (पैतिस) दिन कैद र रु.१,४०,००,०००/- (एक करोड चालीस् लाख रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/१०/०४ गते पेप्सीकोला, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आजै सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **नाम:** | एक राज दाहाल |
| **उमेर:** | ५७ बर्ष |
| **ठेगाना:** | जिल्ला ओखलढुङ्गा, सिद्धिचरण न.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ६ बस्ने |
| **मुद्दा:** | बैंकिङ् कसूर |
| **सजाय:** | ३५ (पैतिस) दिन कैद र रु.१,४०,००,०००/- जरिवाना |
| **फैसला मिति:** | २०७८/११/१३ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/१०/०४ |
| **पक्राउ स्थान:** | पेप्सीकोला, काठमाडौं |

**उप निर्देशक**
(कमल थापा)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२८१३३४
मिति २०७९/१०/०४ गते ।